राष्ट्रिय सतर्कता केन्द्र

**प्रेस विज्ञप्ति**

मिति २०७४/०१/ २२

राष्ट्रिय सतर्कता केन्द्रले केन्द्रमा कार्यरत कर्मचारीहरुको लागि ६ दिनको Procurement तालीमको संचालन आज देखि गरेको छ । उक्त कार्यक्रममा केन्द्रका २५ जना कर्मचारीहरु सहभागी भएको र तालीम कार्यक्रम २०७४ बैशाख २८ गते सम्म संचालन हुनेछ ।

तालीम कार्यक्रमको उद्घाटन केन्द्रका सचिव श्री गजेन्द्र कुमार ठाकुरज्यूले गर्नु भयो । उद्घाटन मन्तव्य राख्दै सचिवज्यूले नेपाल सरकारका विभिन्न निकायहरुले विकास निर्माण, वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भएका प्रकृयाहरु पुरा नगरेको भनी राष्ट्रिय सतर्कता केन्द्रमा अनियमितताका उजुरीहरु बढ्दै गएको र धेरै उजुरीहरु Procurement संग सम्बन्धित हुने गरेको हुँदा यस विषयलाइ केन्द्रले छानबिनको मुख्य दायरामा राखेको र केन्द्रका कर्मचारीहरु पनि सो विषयमा दक्ष भएमा मात्रै छानबिनले थप प्रभावकारिता पाउने देखिएकोले प्रस्तुत तालीम कार्यक्रम आयोजना गरिएको कुरा व्यक्त गर्नु भयो ।

त्यस्तै गरी उहाँले मालसामान खरिदमा के के प्रकृया छ ? निर्माण कार्य गर्दा के के प्रकृया अवलम्बन गर्नु पर्दछ, परामर्श सेवा लिंदा के के प्रकृया अपनाउनु पर्दछ, विवाद आएमा निरुपण गर्ने के के प्रकृया छन्? विवाद समाधान नभए के के प्रकृया अवलम्बन गर्ने, Variation तथा मूल्य समायोजनका प्रकृयाहरु के के छन् र यसबाट के के नाफा नोक्सान हुन्छ, टेक ओभर सर्टिफिकेट भनेको के हो ? Defect Liability Period र मर्मत सम्भार, Earnest Money / Retention Money भनेको के हो ? के के काम हुँदा भ्रष्टाचार हुन्छ जस्ता सार्वजनिक खरिदसँग सम्बन्धित विषयमा सबै कर्मचारीहरुलाई यस्ता तालीमबाट जानकारी हुने हुँदा उजुरी छानबिन प्रकृयामा प्रभावकारिता आउने कुरा व्यक्त गर्नु भयो ।

साथै उहाँले यो तालीमले छानबिनमा खटिने कर्मचारीहरुलाई Public Procurement ठिक छ कि छैन Technical Specification ठिक छ कि छैन Design and Planning ठिक छ कि छैन ? भनेर छानबिन गर्न सघाउ पुग्ने कुरा बताउनु भयो ।

उहाँले यही आ.व. भित्र संचालन गरिने आधारभूत छानबिन तथा अन्वेषण तालीम र Procurement का थप तालीमहरुले केन्द्रको उजुरी छानबिन प्रकृया थप प्रभावकारी भै भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा थप सघाउ पुग्ने कुरा समेत मन्तव्यमा उल्लेख गर्नुभयो ।

अन्त्यमा राष्ट्रिय सतर्कता केन्द्रले निकट भविष्यमा छानबिनको लागि Sector Specific छानबिनको कार्यक्रम अगाडि बढाउने भएकोले विषयगत ज्ञान नभइ छानबिन गर्न नसकिने हुँदा कर्मचारीहरुलाई पोख्त बनाउन यो तालीम कार्यक्रम आयोजना गरिएको हुँदा तालीममा सहभागि कर्मचारीहरुलाई इमान्दारी पूर्वक तालीम कार्यक्रममा सहभागी भै सीप र दक्षता आर्जन गर्न हौसला प्रदान गर्दै तालीम कार्यक्रमको सफलताको कामना समेत गर्नु भयो ।

विष्णुराज लामिछाने

प्रवक्ता